

नाम : खिमकुमारी बस्नेत
तह : : BBS Second year
क्याम्पस : रुकुमेली क्याम्पस
मुसिकोट ५ खलंगा रुकुम
(पश्चिम)
मिति : २०८१/१२/३०

"सूचना प्रविधिको युगमा डिजिटल साक्षरता"

"जब संसारको गति इन्टरनेटको स्पीडसंग दौडिन थाल्छ, तब कलम भन्दा किबोर्ड शक्तिशाली बन्छ।"

आजको मानव सभ्यता एउटा यस्तो ऐतिहासिक मोडमा आइपुगेको छ, जहाँ समयको गति केवल घडीका काँटाले होइन प्रविधिको तीव्र विकासले निर्धारण गर्छ। हिजोको समाज जहाँ कागज, कलम र सीमित ज्ञानमा निर्भर थियो, आज को समाज इन्टरनेट, कृत्रिम बुद्धिमत्ता, डिजिटल प्रणाली र अनलाइन सञ्जालमा आधारीत भईसकेको छ। डिजिटल क्रान्तिको प्रारम्भ सन् १९६९ मा "ARPANET" को विकाससँगै भएको मानिन्छ, तर सन् १९९० मा World wide web सार्वजनिक भएपछि विश्वले वास्तविक डिजिटल युगमा प्रवेश गर्यो। त्यसपछि सन् २००७ मा स्मार्टफोन को विकासले डिजिटल युगलाइ तीव्र गतिमा अगाडी बढ्यो। विशेष गरी सन् २०२० को COVID-19 महामारीले डिजिटल प्रविधिलाइ विकल्प होइन, अनिवार्यता बनायो।

यसरी प्रविधिको तीव्र विकाससँगै "डिजिटल साक्षरता" आजको युगको सबैभन्दा महत्वपुर्ण आधार स्तम्भको रूपमा स्थापित भएको छ। डिजिटल साक्षरता —

भन्नाले केवल मोबाइल चलाउन जान्नु वा इन्टरनेट प्रयोग गर्न सक्नु मात्र होइन; यो एउटा बौद्धिक क्षमता हो- सुचनालाई खोज्ने, बुझ्ने, विश्लेषण गर्ने, सत्य-असत्य छुट्याउने, सिर्जना गर्ने र सुरक्षित रुपमा प्रयोग गर्ने सीप। सन् १९९७ मा पॉल गिल्स्टरले "डिजिटल साक्षरता" लाई सुचना युगको आधारभुत सीपको रुपमा परिभाषित गरेका थिए। आजको विश्वमा सुचना नै शक्ति हो, तर त्यो सुचनालाई सही रुपमा उपयोग गर्न सक्ने क्षमता नभए त्यो शक्ति निरर्थक हुन्छ।

डिजिटल साक्षरता व्यक्तिको दैनिक जीवनदेखि लिएर राष्ट्रिय विकाससम्मको महत्वपुर्ण आधार हो। आज एउटा सामान्य मोबाइल फोनले बैंकिङ, किनमेल, अध्ययन, स्वास्थ्य सेवा र सरकारी कामहरु समेत सम्भव बनाएको छ। नेपालमा सन् १९९४ मा इन्टरनेट सेवा सुरु भएपछि डिजिटल विकासको आधार तयार भयो। पछिल्ला बर्षहरुमा e sewa, khalti र Conn ellPS जस्ता डिजिटल भुक्तानी प्रणालीहरुले नगदविहीन कारोबारलाई सहज बनाएका छन्। जस्तै, आज मानिसहरुले घरमै बसेर मोबाइल बाटै बिजुली, पानी, इन्टरनेटको बिल तिर्न, पैसा पठाउन, टिकट बुक गर्न र किनमेल गर्न सक्षम भएका छन्। यसले समय, श्रम र स्रोतको बचत गरी जीवनलाई सफल बनायको छ।

डिजिटल साक्षरता आर्थिक अवसरहरुको ढोका खोल्ने महत्वपुर्ण माध्यम पनि हो। आजको विश्वमा रोजगारीको स्वरुप परिवर्तन भइसकेको छ। फ्रीलान्सिङ, डिजिटल मार्केटिङ, अनलाइन व्यवसाय, एप डेभलपमेन्ट जस्ता क्षेत्रहरु तीव्र रुपमा विस्तार भइरहेका छन्। जस्तै, धेरै नेपाली युवाहरुले Upwork, fiverr र freelancer जस्ता प्लेटफर्ममार्फत विभिन्न डिजिटल काम गरेर विदेशबाट आम्दानी गरिरहेका छन्। यसले युवाहरुलाई आत्मनिर्भर बनाउनुका साथै बेरोजगारी घटाउन पनि मद्दत पुर्याएको छ।

डिजिटल साक्षरता सिर्जनाशीलता र नवप्रवर्तनको आधार पनि हो। इन्टर-

नेटले ज्ञानको विशाल भण्डार उपलब्ध गराएको छ । youtube, wikipedia, Coursera जस्ता प्लेटफर्महरूले शिक्षालाई सर्वसुलभ बनाएका छन् । जस्तै, आज दुर्गम गाउँको विद्यार्थीले घरमै बसेर अन्तर्राष्ट्रिय स्तरको ज्ञान लिएका छन् ।

"प्रविधि केवल उपकरण होइन, यो मानव सोचको विस्तार हो।"

डिजिटल माध्यमले सामाजिक परिवर्तनलाई पनि गति दिएको छ। मानिसहरूबीचको दुरी घटेको छ र विश्व एउटा "विश्व गाउँ" मा परिणत भएको छ । सामाजीक सन्जालले मानिसहरूलाई आफ्नो विचार व्यक्त गर्ने स्वतन्त्रता दिएको छ। तर प्रविधिको प्रयोगसँगै चुनौतीहरू पनि बढेका छन् । डिजिटल साक्षरता नभएमा मानिस गलत सुचना, अफवाह र भ्रमको सिकार बन्न सक्छ । उदाहरणका रुपमा, सामाजिक सन्जालमा फैलिने झुटा समाचारका कारण समाजमा द्वन्द्व र गलत धारणा फैलिन सक्छ। त्यसैले सुचना प्रयोग गर्दा सावधानी आवश्यक छ।

शिक्षा क्षेत्रमा डिजिटल साक्षरताको भुमिका अत्यन्त महत्वपुर्ण छ विशेषगरी सन् 2020 को Covid-19 माहामारीको समयमा अनलाइन शिक्षाले शिक्षालाई निरन्तरता दिन महत्वपुर्ण भुमिका खेलेको थियो। जस्तै, zoom र google Classroom मार्फत सञ्चालन भएका कक्षाहरूले विद्यार्थीहरूलाई घरमै बसेर अध्ययन गर्न सम्भव बनाएका थिए ।

डिजिटल साक्षरताले व्यवसाय क्षेत्रमा पनि क्रान्तिकारी परिवर्तन ल्याएको छ। जस्तै, धेरै व्यवसायले facebook tiktok मार्फत आफ्नो उत्पादन प्रचार गरी ग्राहकसम्म पुगेका छन् यसले साना व्यवसायहरूलाई पनि ठुलो बजारमा पहुँच दिलाएको छ।

डिजिटल विभाजन अझै ठूलो चुनौतीको रूपमा रहेको छ। शहर र गाउँबीच इन्टरनेट पहुँचमा ठूलो अन्तर छ। जसले असमानता बढाउने खतरा पैदा गर्छ। शहरका मानिसहरूले अनलाइन शिक्षा, डिजिटल सेवा र रोजगारीका अवसर सहजै प्राप्त गर्छन्, तर ग्रामीण क्षेत्रमा धेरै मानिसहरू यस्ता सुविधाबाट वञ्चित हुन्छन्. जस्तै, शहरका विद्यार्थीहरूले अनलाइन कक्षा लिन सक्छन् भने गाउँका विद्यार्थीहरू इन्टरनेट अभावको कारण पढ्न पर्छन्। यसले शिक्षा र अवसरमा असमानता बढाउँछ। त्यसैले सबैलाई समान डिजिटल पहुँच सुनिश्चित गर्नु आजको अपरिहार्य आवश्यकता हो।

डिजिटल सुरक्षाको प्रश्न आजको युगमा अत्यन्त महत्वपूर्ण र संवेदनशील बनेको छ। इन्टरनेटको विस्तारसँगै साइबर अपराध, ह्याकिङ र अनलाइन ठगीका घटनाहरू दिनप्रतिदिन बढिरहेका छन्। जस्तै, फेक लिंक वा OTP सेयर गर्दा धेरै मानिसहरूले आफ्नो बैंक खाताबाट पैसा गुमाउने गरेका छन् यस्तो अवस्थाले डिजिटल माध्यमप्रति विश्वास कमजोर बनाउँछ। त्यसैले बलियो पासवर्ड प्रयोग गर्ने, दुई-स्तरीय सुरक्षा अपनाउने र व्यक्तिगत जानकारी गोप्य राख्ने जस्ता कुरामा सचेत रहनु आवश्यक छ। डिजिटल साक्षरता विना सुरक्षित प्रयोग सम्भव हुँदैन।

डिजिटल साक्षरताका लागि समग्र योजनाबद्ध र दीर्घकालीन प्रयास आवश्यक छ। विद्यालय तहदेखी नै डिजिटल शिक्षालाई पाठ्यक्रममा समावेश गरी विद्यार्थीहरूलाई कम्प्युटर प्रयोग, इन्टरनेट सुरक्षा र सूचनाको सही प्रयोगबारे ज्ञान दिनुपर्छ। यसले सानैदेखि डिजिटल चेतना विकास गर्न मद्दत गर्दछ। त्यस्तै ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच विस्तार गरी दुरदराजका नागरिकहरूलाई पनि डिजिटल सेवासँग

जोड्नु आवश्यक छ, जसले शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरमा समानता ल्याउन सहयोग पुर्याउँछ।

यसका साथै, जनचेतना कार्यक्रमहरू सञ्चालन गरी डिजिटल प्रविधिको सही र सुरक्षित प्रयोगबारे जानकारी फैलाउनु जरुरी छ। सरकार र निजी क्षेत्रबीचको सहकार्यले डिजिटल पूर्वाधार विकास लगानी वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्छ। जब सबै वर्ग र क्षेत्रका मानिसहरू डिजिटल रूपमा सक्षम हुन्छन् तब मात्र समावेशी र दिगो विकास सम्भव हुन्छ।

डिजिटल साक्षरता केवल व्यक्तिगत विकासको माध्यम मात्र होइन; यो राष्ट्रिय विकासको प्रमुख आधार पनि हो। कुनै पनि देशको प्रगति यहाँका नागरिकहरूको ज्ञान, सीप र प्रविधि प्रयोग गर्ने क्षमतामा निर्भर हुन्छ। डिजिटल रूपमा सक्षम नागरिक भएको देशले मात्र आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रमा दिगो विकास हासिल गर्न सक्छ। आजको युगमा प्रविधिको सही उपयोगले उत्पादनशीलता बढाउने, रोजगारी सिर्जना गर्ने र सेवाप्रवाहलाई छिटो बनाउने काम गर्दछ, जसले राष्ट्रलाई समृद्धिको दिशातर्फ अघि बढाउँछ।

डिजिटल साक्षरताले भविष्यको दिशा निर्धारण गर्ने महत्वपूर्ण भूमिका खेल्नेछ। कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स, डाटा विज्ञान, स्वचालन जस्ता नयाँ प्रविधिहरूको प्रयोग तीव्र रूपमा बढ्दै जाँदा मानिसहरूलाई यी प्रविधिहरूसँग अनुकूल हुन सक्ने क्षमता आवश्यक पर्छ। यदि नागरिकहरू डिजिटल रूपमा साक्षर भएनन् भने उनीहरू नयाँ अवसरबाट वञ्चित हुने मात्र होइन, प्रतिस्पर्धामा पनि पछाडि पर्न सक्छन्। त्यसैले भविष्यलाई सुरक्षित र समृद्ध बनाउन आजैदेखि डिजिटल साक्षरतामा लगानी गर्नु अत्यावश्यक छ।

डिजिटल साक्षरता केवल एउटा सीप होइन, यो २१ औँ शताब्दीको अनिवार्य जीवनदक्षता हो। यसले व्यक्तिलाई अवसर चिन्न, चुनौती सामना गर्न र भविष्य निर्माण गर्न सक्षम बनाउँछ। आजको युगमा प्रविधिसँग नजोडिएको व्यक्ति केवल पछाडि मात्र पर्दैन, उसले आफ्नो सम्भावना पनि पूर्ण रूपमा उपयोग गर्न सक्दैन। त्यसैले डिजिटल साक्षरता अब विकल्प होइन आवश्यकता बनिसकेको छ।

नेपालको सन्दर्भमा पनि डिजिटल साक्षरताको महत्व दिनप्रतिदिन स्पष्ट हुँदै गएको छ। पछिल्ला वर्षहरूमा देखिएको युवापुस्ताको सक्रियता यसको उज्वल ज्वलन्त उदाहरण हो। विशेष गरी Gen z पुस्ताले सामाजिक सञ्जाललाई केवल मनोरञ्जनको माध्यमका रूपमा होइन, आफ्नो आवाज उठाउने शक्तिशाली प्लेटफर्मका रूपमा प्रयोग गर्न थालेका छन्। विभिन्न सामाजिक, राजनीतिक र शैक्षिक विषयहरूमा युवाहरूले डिजिटल माध्यमबाट आफ्नो धारणा व्यक्त गर्दै सचेत नागरिकको भूमी भूमिका निर्वाह गरिरहेका छन्।

उदाहरणका रूपमा, विभिन्न आन्दोलनहरू, विरोध कार्यक्रमहरू र जनचेतना अभियानहरूमा डिजिटल माध्यमको प्रभाव स्पष्ट रूपमा देखिएको छ। सामाजिक सञ्जालमार्फत सूचना छिटो फैलिने, मानिसहरू एकजुट हुने र जनमत निर्माण हुने प्रक्रियाले लोकतान्त्रिक अभ्यासलाई नयाँ रूप दिएको छ। युवाहरूले अन्याय, भ्रष्टाचार र नीतिगत कमजोरीविरुद्ध आवाज उठाउन डिजिटल प्लेटफर्मको प्रभावकारी प्रयोग गरेका छन्। यसले देखाउँछ की डिजिटल साक्षरता केवल व्यक्तिगत विकासका लागी मात्र होइन, सामाजिक परिवर्तन र नागरिक चेतनाका लागी पनि अत्यन्त महत्वपूर्ण छ।

तर यससँगै जिम्मेवारी पनि उत्तिकै आवश्यक हुन्छ। डिजिटल माध्यममा व्यक्त गरिने विचारहरू सत्य, जिम्मेवार र नैतिक हुनुपर्छ। गलत सुचना, अफवाह वा द्वेषपुर्ण सामग्रीले समाजमा नकारात्मक प्रभाव पार्न सक्छ। त्यसैले डिजिटल साक्षरता भन्नाले केवल प्रयोग गर्ने सीप मात्र होइन, सही र जिम्मेवार प्रयोग गर्ने चेतना पनि हो।

डिजिटल साक्षरताले भविष्यको दिशा तय गर्छ। कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स, डाटा विज्ञान जस्ता प्रविधीहरूले हाम्रो जीवनशैलीलाई थप परिवर्तन गर्दै जानेछन्। यस्तो अवस्थामा डिजिटल रुपमा सक्षम व्यक्ति मात्र नयाँ अवसरहरू समात्न र परिवर्तनसंग अनुकुल हुन सक्षम हुनेछ।

डिजिटल साक्षरता व्यक्तीगत सफलताको आधार हो तर प्रविधीको प्रयोगसँगै केही नकारात्मक प्रभावहरू पनि देखिन थालेका छन्, जसलाइ बेवास्ता गर्न सकिँदैन। अनलाइन माध्यमको अत्याधीक प्रयोगका कारण मानिसहरूबीचको प्रत्यक्ष भेटघाट घट्दै गएको छ। पहिले परिवार र साथीभाइसँग बसेर कुराकानी गर्ने समय हुन्थ्यो भने अहिले धेरैजसो मानिसहरू मोबाइलमै व्यस्त रहने गरेका छन्। विशेषगरी बालबालीकाहरू अनलाइन गेम र सामाजीक सन्जालमा अत्याधीक समय बिताउँछन् उनीहरूको अध्ययन व्यवहार र स्वास्थ्यमा नकारात्मक असर परेको देखिन्छ। जस्तै, आजभोली धेरै बच्चाहरू बाहिर खेल्ने भन्दा मोबाइलमा गेम खेल्न रुचाउछन्, जसले उनीहरूको सामाजीक व्यवहार र शारीरिक विकासमा असर पारिरहेको छ। त्यस्तै, सामाजीक सम्बन्ध-

मा पनि परिवर्तन देखिएको छ। पाहुना आउँदा "हालखबर, खाना खाजा" सोध्नुको सट्टा "WiFi को Password के हो?" भन्ने प्रवृत्ति बढ्दै गएको छ, जुन हाम्रो संस्कार र आतिथ्य सत्कारको परम्परासँग मेल खाँदैन। यसले देखाउँछ कि प्रविधीको गलत प्रयोगले सामाजीक मुल्य र सम्बन्ध हरूमा नकारात्मक प्रभाव पार्न सक्छ।

डिजिटल साक्षरता व्यक्तिगत सफलता, सामाजीक सन्तुलन र राष्ट्रिय विकासको आधार हो। यदि हामीले यसको सही र सन्तुलित प्रयोग गर्न सकें भने प्रविधीले हाम्रो जीवनलाई उज्यालो समृद्ध बनाउने छ; तर गलत प्रयोगले हाम्रो संस्कृति, सम्बन्ध र भविष्यलाई नै कमजोर बनाउन सक्छ।

"डिजिटल साक्षरता बिना भविष्य अधुरो छ, तर सन्तुलन बिना प्रविधी खतरनाक बन्न सक्छ"

सुचना प्रविधिले आधुनिक मानव जिवनलाई पुर्ण रुपमा परिवर्तन गरेको छ। कम्प्युटर, इन्टरनेट, मोबाइल तथा सामाजीक सञ्जालको विकासले मानिसको दैनिक कार्य, शिक्षा, व्यापार र सञ्चारलाई छिटो, सजिलो र प्रभावकारी बनाएको छ। आजको अवस्थामा विश्वका जुनसुकै स्थानबाट पनि सजिलै सुचना आदान-प्रदान गर्न सकिन्छ, जसले संसारलाई "global village" बनाएको छ तर प्रविधीको तीव्र विकास संगै विभिन्न चुनौतीहरु पनि देखा परेका छन्। विशेषगरी साइबर अपराध जस्तै ह्याकिङ, डाटा चोरी, अनलाइन ठगी, अनि गलत सुचना फैलाउने कार्यहरु बढ्दै गएका छन्। जसले व्यक्ति, समाज र राष्ट्रसम्ममा नकारात्मक असर पार्न सक्छ।

यसका लागी व्यक्तिगत तहमा प्रयोगकर्ताहरूले बलियो पासवर्ड प्रयोग गर्ने, समय-समयमा पासवर्ड परिवर्तन गर्ने, दुई तहको सुरक्षा अपनाउने, संकास्पद लिंक वा ईमेल नखोल्ने र आफ्नो व्यक्तिगत जानकारी अनावश्यक रुपमा साझा नगर्ने जस्ता सावधानी अपनाउनुपर्छ। साथै, कम्प्युटर र मोबाइलमा एन्टिभाइरस प्रयोग गर्ने, सफ्टवेयर नियमित रुपमा अपडेट गर्ने र सार्वजनिक वाइ-फाइ प्रयोग गर्दा सतर्क रहने बानी विकास गर्नुपर्छ।

सामाजीक सञ्जालको जिम्मेवार प्रयोग पनि अत्यन्त आवश्यक छ। गलत सुचना, घृणात्मक सामग्री नफैलाउने, कुनै पनी जानकारी साझा गर्नु अघि त्यसको सत्यता जाँच गर्ने र अरुको गोपनीयता तथा सम्मानको ख्याल राख्ने संस्कार विकास गर्नुपर्छ। यसले सामाजीक सद्भाव कायम राख्न मद्दत पुर्‍याउँछ।

सरकारी तहमा कडा साइबर कानुन निर्माण र प्रभावकारी कार्यान्वयन गर्नुपर्छ। साइबर अपराध नियन्त्रणका लागी विशेष निकायहरूको सुदृढीकरण, आधुनिक प्रविधीको प्रयोग र दक्ष जनशक्तिको विकास आवश्यक छ। साथै, सरकारी तथा निजी संस्थाहरूको आफ्नो प्रणाली लाई सुरक्षित बनाउन नियमित सुरक्षा परीक्षण गर्नुपर्छ।

नेपालजस्तो विकासशील देशहरूमा प्रविधीको सुरक्षित प्रयोगका लागी नीति निर्माण, पुर्वाधार विकास र जनचेतना विस्तारमा विशेष ध्यान दिन आवश्यक छ। अन्तर्राष्ट्रिय स्तरमा समेत सहकार्य गरी साइबर अपराध नियन्त्रण गर्न सकिन्छ।

निष्कर्ष ! डिजिटल साक्षरता आजको युगको अपरिहार्य आवश्यकता बनेको छ। यो केवल प्रविधि प्रयोग गर्ने सीप मात्र नभई सही जानकारी बुझ्न र सुरक्षित रूपमा उपयोग गर्ने क्षमता हो। डिजीटल साक्षरता छ व्यक्तिले अवसरलाई चिन्न र चुनौतीलाई सामना गर्न सक्छ। यसले व्यक्तिगत विकास मात्र होइन, सामाजिक र आर्थिक प्रगतिलाई पनि गति दिन्छ। तर यसको सही प्रयोग नगर्दा जोखिम पनि उत्तिकै हुन्छ। त्यसैले सबैले डिजिटल साक्षरता आत्मसात गर्नु अत्यावश्यक छ।

अन्ततः प्रविधि हाम्रो सेवक बन्ने कि मालिक बन्ने भन्ने कुरा हाम्रो हातमा छ।

"डिजिटल साक्षरता बिना भविष्य अधुरो छ, र डिजिटल चेतना बिना प्रगति असम्भव ।।"

—— समाप्त ——